वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०५।२८ गतेको आठौं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न. १. यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्ने ।

निर्णय न. २. स्थानीय दररेट सम्बन्धमाः

आर्थिक वर्ष २०७९/८० का लागि नगरपालिकाबाट संचालन हुने नीति, योजना तथा बजेट कार्यान्वयन गर्न जिल्ला दररेट निर्धारण समितिले कायम गरेको दररेटलाई नै आधार मानी स्वीकृति प्रदान गर्ने ।

निर्णय न. ३. वजार क्षेत्रको सिसिटिभि स्थानान्तर तथा मर्मत सम्वन्धमाः

कर्णाली प्रदेश सरकार, पूर्वाधार विकास निर्देशनालय, सुर्खेतबाट ठेक्का समेत भएको मंगलगढी -गणेश चोक सडक स्तरोन्नती आयोजना क्षेत्रमा सिघ्र रुपमा साईड क्लिएरेन्स समेत गर्नुपर्ने भएकोले नगरपालिका मार्फत जडान गरिएका सिसिटिभि (CCTV) को स्थानान्तरण र मर्मतको कार्य सुर्खेत उद्योग वाणिज्य संघ मार्फत गराई प्राविधिक मुल्याङ्कनको आधारमा अनुगमन गरि उपयुक्त शिर्षक हेरी भुक्तानी दिने ।

निर्णय न. ४. घण्टाघर पार्कको ठेक्का व्यवस्थापन र सोको संरचना सम्वन्धमाः

वीरेन्द्रनगर नगरपालिकामा रहेको घण्टाघर र यस वरिपरिको पार्क क्षेत्र प्रयोग गर्ने गरि वार्षिक नगरपालिकालाई रु २७,९१,१००/- (अक्षररुपी सत्ताईस लाख एकानव्वे हजार एक सयमात्र) आय प्राप्त हुने गरि सहारा निर्माण सेवा वी.न.पा. ९ सुर्खेतलाई आय ठेक्का स्वीकृत भई सम्झौता समेत भएकोमा हालको मितिसम्म पनि सम्झौतारत पक्षलाई अदालतमा विचाराधिन विवादले गर्दा कायदिश दिई आय ठेक्का कार्यान्वयन गर्न नसकिएको अवस्थामा उक्त संरचना प्रयोग गरिरहेका विपक्षी चिन्तामणी शर्माले घण्टाघर र सो क्षेत्रमा निर्मित संरचना नछाडी सम्मानित उच्च अदालत सुर्खेतमा ठेक्काको म्याद नसकिएको, नगरपालिकाको पूर्व स्वीकृति लिई बनाईएका संरचनाहरुको क्षतिपूर्ति नदिई ठेक्का लगाएको लगायतका विभिन्न दावी पेश गरि यस कार्यालयलाई विपक्षी बनाई मुद्दा नम्बर ०७८-WO-००३७ मार्फत अदालती विवाद श्रृजना समेत गरेकोमा सम्मानित उच्च अदालत सुर्खेतको मिति २०७९।०५।२२ को प्राप्त पत्र मार्फत चिन्तामणी शर्माले विपक्षी नगरपालिकाको अनुमति लिई आफ्नो लगानीमा स्थायी संरचनाहरु निर्माण गरेकोमा सो सम्बन्धमा केही नबोली

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

अरुलाई ठेक्का दिएको भन्ने समेतको निवेदन दावी रहेको देखिएको लिखित जवाफमा सो सम्बन्धमा स्पष्ट खुलाएको नदेखिँदा नगरपालिका स्वयंले अनुमति दिई बनाएका स्थायी संरचनाको सन्दर्भमा निवेदकलाई क्षतिपूर्ति दिने लगायतका कारवाही भए नभएको सम्बन्धमा यथार्थ व्यहोरा खुलाई पठाईदिन विपक्षी नगरपालिकाको कार्यालयलाई लेखी नियमानुसार पेश गर्नु भनि कार्यालयका नामका सम्मानित उच्च अदालतवाट आदेश भई आएको विषय आजको बैठकमा जानकारी प्राप्त गरियो ।

निर्णय न. ५. भौतिक पूर्वाधार निर्माण र ढल व्यवस्थापन सम्वन्धमाः

(क) नगर क्षेत्रमा रहेका अति आवश्यकीय पूर्वाधार मर्मत लगायत सिघ्र सम्वोधन गर्नुपर्ने संरचनाहरु निर्माण तथा व्यवस्थापन गर्न भौतिक पूर्वाधार समितिको संयोजकको नेतृत्वमा समितिका अन्य सदस्यहरु, योजना शाखा, पूर्वाधार शाखा, लेखा शाखा, खरिद शाखा प्रमुख समेत सदस्य रहने गरि समिति बनाउने र प्रमुख प्रशासकीय अधिकृत वाट टिप्पणी पेश गरि नगर प्रमुख बाट कार्यदिश लिई तत्काल भौतिक पूर्वाधार व्यवस्थापन दल गठन गरि कामलाई व्यवस्थित गर्न पुर्वाधार मर्मत सम्भार कार्यविधि, २०७९ कार्यपालिकामा दफावार छलफल गरि संशोधन सहित स्वीकृत गर्ने।

(ख) बजार आसपासको महत्वपूर्ण क्षेत्र भित्रका बुझिएका नालाहरुलाई सफाई गरी पूर्ववत रुपमा संचालनमा ल्याउन र शहरी क्षेत्रको निरन्तर सरसफाई गर्न नगरपालिकाद्वारा नगर क्षेत्रका वडाहरुमा काममा लगाईएकोमा सोको प्रभावकारीता समेत राम्रो देखिएकोले निरन्तर काममा लगाईएका ज्यालादारी सरसफाई कामदारहरुलाई निरन्तरता दिने साथै सोको रोजगारमुलक र उपयुक्त शीर्षकवाट भुक्तानी दिने ।

(ग) नगर क्षेत्रमा पूर्वाधार विकास तर्फ विभिन्न वडाहरुमा हाल वर्षातका कारण सडक जीर्ण र खाल्टाखुल्टी भई आवजावत गर्न कठिनाई भएकाले अति आवश्यकिय सडकमा ग्राभेल गर्नका लागी पूर्वाधार विकास समितिले वडाको आवस्यकता र मागलाई मध्यनजर गरी लागत अनुमान एकिन गरी प्राविधिक मुल्यांकन एवं वडाको सिफारिसको आधारमा मितव्ययी र प्रभावकारी ढंगले मर्मत गर्ने । साथै मुल्यांकन अनुसारको कार्यसम्पन्न भई अनुगमन भए पश्चात सोको भुक्तानी दिने ।

निर्णय न. ६ देउती बज्यैको मन्दिर मर्मत तथा व्यवस्थापन सम्वन्धमाः

(क) ऐतिहासिक र धार्मिक आस्थासँग जोडिएको देउती बज्यैको मन्दिरलाई प्रभावकारी एवं व्यवस्थित रुपमा संचालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले देउती बज्यै मन्दिर संचालन तथा व्यवस्थापन कार्यविधि अनुसार समितिलाई पूर्णता दिन पुरानो कार्यविधिमा समय सापेक्ष संशोधन

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश, नेपाल २०७३

र परिमार्जन गर्ने,, मन्दिरमा उठ्ने भेटी, दानलाई व्यवस्थित र पारदर्शी बनाउन नगरपालिकावाट कर्मचारी परिचालन गरि व्यवस्थापन गर्ने साथै सोको छुट्टै खाता बनाई दैनिक दाखिला गर्न लगाउने र व्यवस्थापन गर्ने।

(ख) देउती वजै मन्दिर जीर्ण र कुरुप बन्दै गएकोले दशै पूर्व नै केही महत्वूर्ण संरचना एवं स्थानहरु मर्मत संम्भार गर्नुपर्ने भएकोले अति आवश्यक क्षेत्रमा प्राविधिक खटाई लागत ईष्टमेटको आधारमा मितव्ययी ढंगले मर्मत सम्भार गर्ने र उपयुक्त खर्च शीर्षक हेरी अनुगमन समेत सम्पन्न भए पश्चात भुक्तानी दिने ।

**निर्णय न. ७. घण्टाघर घडी खरिद तथा जडान सम्वन्धमाः**

(क) लामो समय देखी बिग्रन गई संचालनमा आउन नसकेको घण्टाघरको घडी खरिद र जडानको काम जटील प्रकृतिको काम भएकोले तुलनात्मक रुपमा ब्रान्डेड कम्पनीको घडी खरिद तथा जडान व्यवस्थापनको लागि प्राविधिक मूल्याङ्कनको आधारमा उपयुक्त विधि मार्फत खरिद तथा जडानको काम गर्ने गरि सुर्खेत उद्योग वाणिज्यसंघ सुर्खेतसँग संस्थागत सहकार्य सम्झौता गर्ने । साथै कामको प्राविधिक मूल्याङ्कन अनुसारको हुन आउने आर्थिक दायित्व नगरपालिकावाट अनुगमन गरि गुणस्तर जाँची भुक्तानी दिने ।

(ख) घण्टाघर बाहिरको खाली सार्वजनिक स्थानलाई व्यवस्थित गरि खुला पार्कको रुपमा विकसित गर्न केही पूर्वाधारको विकास गर्नुपर्ने भएकोले योजना र पूर्वाधार शाखाले प्राविधिक मूल्याङ्कन सहित लागत अनुमानसमेत एकिन गरि उपयुक्त विधि मार्फत मितव्ययी तथा गुणस्तर युक्त ढंगले निर्माण गर्ने र अनुगमन समितिवाट अनुगमन गराई उपयुक्त शिर्षक हेरि भुक्तानी दिने ।

**निर्णय न . ८ झुप्रा खोलामा वसोवास गर्ने वादी समुदायलाई राहत तथा व्यस्थापनः**

झुप्राखोला आसपासमा वसोवास गर्ने वादी समुदायमा विभिन्न कारणले जीवनधान्न गाह्रो भएकोले केही राहत पाउँ भनी पटक पटक लिखित र मौखिक रुपमा निवदेन माग भई आएकोले एक पटकका लागि मानवीय सहायताका रुपमा रु १,५०,०००/- (एक लाख पचास हजार मात्र) बराबरको खाद्यान्न आर्थिक सहायता दिने सोको प्राथमिकताको आधारमा वडा कार्यालय र समाज कल्याण शाखा मार्फत वितरणको गर्ने ।

**निर्णय न. ९. क्लीन नेपाल संगको फोहोर व्यवस्थापन सम्झौता सम्वन्धमाः**

वीरेन्द्रनगर नगरपालिका (प्रथम पक्ष) र क्लीन नेपाल (दोस्रो पक्ष) भएको वीरेन्द्रनगर नगरपालिका वडा नं. ५,६,७,८,९,१०,११ र १२ मा फोहोर संकलन र ढुवानी व्यवस्थापनको जिम्मेवारी नीजि क्षेत्र मार्फत भएकोमा (दोस्रोपक्ष) फर्मले तोकिएको सम्झौता एवं कार्यशर्त अनुसार कार्यसम्पादन नगरेको भनि पटक पटक वडाहरुवाट लिखित र मौखिक गुनासो समेत आएको साथै उक्त फर्मको

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

फोहोर ढुवानी गर्ने सवारी साधन एंव जनशक्ति समेत न्युन देखिएकोले फोहोर व्यवस्थापन नगर क्षेत्रमा जटिल बन्दै गएको हुँदा फोहोर व्यवस्थापनको हिसावले संवेदनशील देखिएका वडा नं. ५ र ६ को फोहोर व्यवस्थापनको जिम्मेवारी अव आईन्दा वडावाटै मिति २०७९/०६/०१ देखि लागु हुनेगरी सम्वन्धित वडालाई जिम्मेवारी दिने ।वाकी वडाहरुको हकमा साविककै क्लीन नेपाललाई अन्तिम पटकको लागि तोकिएको कार्यशर्त अनुसार कार्यतालिका सार्वजनिक गरि काम गर्न लिखित चेतावनी दिने । कार्यतालिका अनुसार काम भए नभएको प्रभावकारी अनुगमन गर्ने, सम्झौतामा उल्लेख भए अनुसार पालिकावाट वुझाउनुपर्ने दायित्व समेत भुक्तानी दिने र तोकिएको शर्त अनुसार काम गुणात्मक सुधार नभए क्लीन नेपालसँग गरिएको सम्झौता रद्ध गर्ने प्रक्रियामा जाने।

**निर्णय न. १०.स्वास्थ्य सेवाका कर्मचारीको नपुग तलव भत्ता सम्वन्धमा:**

वीरेन्द्रनगर नगरपालिकामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार कामकाजमा खटिएका दरवन्दी भन्दा बढी स्वास्थ्य सेवाका कर्मचारीको तलव भत्ता भुक्तानी सम्वन्धमा आर्थिक प्रशासन शाखावाट चालु आ.व. मा दरबन्दी भन्दा बढी खटिएका कर्मचारीका लागि वजेट विनियोजन नभएकोले तलव, भत्ता तथा कानून वमोजिम पाउने सुविधाको लागि स्रोत व्यवस्था हुन निर्णय सहितको राय पाउँ भनि निर्णयार्थ फाईल समेत पेश भएकोमा, स्वास्थ्य सेवाका दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत भएकोले कर्मचारी नपठाउन यस कार्यालयवाट पटक पटक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लिखित पत्राचार गरिएको, दरबन्दी भन्दा बढी कर्मचारीलाई कामकाजमा खटाई तलब भत्ता भुक्तान गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन तथा नियम अनुसार नमिल्ने, नगरपालिकाको वित्तीय क्षमता कमजोर भएकोले दरवन्दी भन्दा तेव्वर संख्याका कर्मचारीहरुलाई तलव भत्ता दिई कामकाजमा लगाउने अवस्था कार्यालयको नभएको ,दरबन्दी भन्दा बढी भएका कामकाजमा खटिएका स्वास्थ्य सेवाका ५७ जना कर्मचारीलाई नियमित तलब भत्ता भुक्तानी गर्न मात्र करिब ५ करोड बजेट आवश्यक हुने, यस नगरपालिकाको दरबन्दी भन्दा बढीका कामकाजमा खटिएका कर्मचारीको आर्थिक दायित्व वहन गर्ने क्षमता नभएको, साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विभिन्न मितिमा यस नगरपालिकामा कर्मचारी नपठाउन अनुरोध गर्दा समेत मन्त्रालयवाट कामकाजका लागि खटिएका समायोजन नभएका स्थायी कर्मचारीको तलब भत्ता दिने दायित्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नै भएको हुदाँ र विगतका आर्थिक वर्षहरूमा यस्ता समायोजन नभएका दरवन्दी भन्दा वढी कर्मचारीको तलव भत्ताको व्यवस्था मन्त्रालयबाटै हुने गरेको सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तलब भत्ताको व्यवस्था भएमा मात्र कामकाजमा लगाउन सकिने अन्यथा कर्मचारीलाई कामकाजमा लगाउन नसकिने व्यहोरा उल्लेख गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंमा नगर कार्यपालिकाको निर्णय सहित लिखित अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

निर्णय न. ११. राष्ट्रिय भुमी आयोगका कर्मचारीको व्यवस्थापनः

(क) नगरपालिकाको प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा रहेको राष्ट्रिय भुमी आयोगको काम सिघ्र रुपमा अगाडी वढाउन आवश्यक जनशक्ति र श्रोत साधन समेत उपलव्ध गराई उच्च प्राथमिकता दिई काम अघि वढाउने ।

(ख) भु-उपयोग ऐन २०७६ का दफा १८ र १९ वमोजिम स्थानीय स्तरमा भुमि सम्वन्धी नीति , योजना तयार गर्ने प्रयोजनको लागि नगरकार्यपालिकालाई स्थानीय भु-उपयोग परिषद्को रुपमा काम गर्ने गरि जिम्मेवारी तोक्ने र सिघ्र रुपमा अध्ययन गरी भु-उपयोग योजना तयार गरी भू-उपयोग नीतिका आधारमा जग्गाको वर्गीकरण प्रक्रिया सिघ्र अघि वढाउने ।

निर्णय न. १२. व्यवसाय कर संकलन गर्न सुर्खेत उद्योग वाणिज्य संघ संगको साझेदारी सम्वन्धमाः

वीरेन्द्रनगर नगरपालिकाको आ.व. २०७९/८० को स्वीकृत नीति तथा कार्यक्रम अनुसार व्यवसाय कर संकलनमा सार्वजनिक नीजि साझेदारी माध्यमबाट कर संकलनको दायरा बढाउन राजस्व परामर्श समिति सहित विज्ञहरुवाट निर्णय तथा सिफारिस सहित पेश भएको सम्झौता शर्तहरु स्वीकृत गरि सुर्खेत उद्योग वाणिज्य संघ, सुर्खेतसँग सम्झौता गरि साझेदारी विधि मार्फत कर संकलनको दायरा विस्तार गरि कर प्रणालीलाई व्यवस्थित गर्ने साथै सोको प्रभावकारी अनुगमन समेत गर्ने ।

निर्णय न. १३. घर बहाल कर संकलनमा वडा कार्यालयसँगको साझेदारी सम्वन्धमाः

वीरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार घरवहाल कर वडास्तरवाट संकलन गर्न वीरेन्द्रनगर नगरपालिकाको घर वहाल कर कार्यविधि, २०७५ को दफा ९(१) र अनुसूची (६) अनुसार वडावाट न्युनतम घर भाडा दरको मापदण्ड निर्धारण सम्वन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न वडालाई कार्य जिम्मेवारी तोक्ने र वडावाट प्राप्त विवरण अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने ।

निर्णय न. १४. विभिन्न कार्यविधि स्वीकृत सम्बन्धमा

१) यस अघीको बैठकमा टेबल गरिएका तथा विभिन्न समिति मार्फत निर्णायार्थ पेश भएका देहायका कार्यविधिहरु बैठकमा पेश भई छलफल गरियो । छलफलमा प्राप्त सुझावहरु समावेश गर्दै कार्यविधि स्वीकृत गरियो ।

देहाय

(क) ईन्धन र मर्मत खर्च व्यवस्थापन कार्यविधि, २०७९

(ख) दिशाजन्य लेदो व्यवस्थापन कार्यविधि, २०७९

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(ग) एफ एम रेडियो संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९

(घ) आपतकालिन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९

२) विभिन्न समितिबाट पेश हुन आएका देहायका कार्यविधिहरु आजको बैठकमा टेबल गरियो ।

देहाय

(क) विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७९

(ख) जेष्ठ नागरिकहरुलाई घरमै उपचार सेवा सञ्चालन निर्देशिका, २०७९

(ग) विपन्नता पहिचान कार्यविधि, २०७९

(घ) नगर खेलकुद विकास कार्यविधि,२०७९

(ङ) संस्थागत विद्यालय मापदण्ड संचालन तथा वर्गिकरण सम्बन्धी निर्देशिका, २०७९

(च) प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि,२०७९

निर्णय न. १५.(क) वीरेन्द्रनगर नगरपालिका वडा न १२ अन्तर्गत ठेक्का न **Road upgrading works from neware school chowk to nepal army pritana gate.** ठेक्का न **NCB/BM/077-78/Works/24** का सन्दर्भमा पूर्वाधार विकास शाखाबाट पेश भएको टिप्पणी बमोजिम यस कार्यालयको आन्तरिक राजश्व खातामा रु.४,९६,३८४।५० जम्मा भईसकेको हुँदा उक्त रकम बराबरको खर्च चालु आर्थिक वर्षका लागी ११ औ नगरसभाबाट स्वीकृत नगर महत्वको आयोजना म्याचिङ फण्ड शिर्षकबाट खर्च लेख्ने गरी आयोजना स्वीकृत गर्ने ।

(ख) वीरेन्द्रनगर नगरपालिका वडा न ९ अन्तर्गत आर्थिक वर्ष २०७७।७८ मा संचालित Road Upgrading Works (Syaulli Bazzar to Shiva MA .Vi. Road-Birendranagar-9, Surkhet) ठेक्का नं. NCB/BM/077-78/Works/36 निर्माण गर्ने कामको कुल लागत अनुमान रकम रु १,९५,००,००० स्वीकृत भई सोही बमोजिम बोलपत्र आह्वान गरी श्री विनोद निर्माण सेवा एण्ड एन. एन. जे. निर्माण जेभीसँग रु १,०३,८४,८४७।८४ (मु. अ.कर र PS समेतमा) निर्माण कार्य सम्पन्न गर्ने गरी आयोजना सम्झौता भई निर्माणका क्रममा निर्माण स्थलको जमिन सतह दलदल भई Sub Base लगायत केही Item को Quantity मा BOQ भन्दा बढी र Premix लगायत केही Item को Quantity मा BOQ भन्दा कमी काम गर्नुपर्ने भएको हुँदा स्थलगत निरिक्षण गरी पूर्वाधार विकास शाखाबाट तयार भएको Revised Estimate बमोजिम Quantity जाँची पूर्वाधार विकास शाखाबाट पूर्वाधार विकास शाखा प्रमुखले पेश गरेको राय प्रतिवेदन सहित कामको परिमाण र गुणस्तर तोकिएको मापदण्ड अनुसारको भएको भनि पेश भई आएको र वीरेन्द्रनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२७(१) ग बमोजिम

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

नगरपालिकामा पन्ध्र प्रतिशत भन्दा माथिको भेरियसन कार्यपालिकाले स्वीकृत प्रदान गर्ने कानूनी व्यवस्था रहेको साथै आ.व. २०७८/०७९ को कार्यपालिकाबाट भेरियसन स्वीकृत हुन छुटेको हुदा **Road Upgrading Works (Syaulli Bazzar to Shiva MA .Vi. Road-Birendranagar-9, Surkhet)** कार्यको भेरियसन स्वीकृत गरी प्राविधिक मुल्यांकन प्रतिवेदनको आधारमा र अन्तिम विल अनुसार हुन आउने रकम भुक्तानी दिने ।

निर्णय न. १६. विविध

(क) यस वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्दै विद्यार्थी चाप, पुर्वाधारको अवस्था, अन्य शैक्षिक आवश्यकताका आधारमा सम्भाव्य विद्यालयहरु समायोजन एंव व्यवस्थापन गरी पठनपाठनलाई व्यवस्थित गर्नका लागी वडा शिक्षा समितिलाई अध्ययन गरि राय सहितको विवरण माग गर्ने र वस्तुनिष्ट आधारमा निर्णय लिने ।

(ख) सुर्खेत उपत्यका नगर विकास समिति अन्तर्गतका सार्वजनिक जग्गाहरुको संरक्षण तथा व्यवस्थापन गर्नका लागी अर्को व्यवस्था नभएसम्म कुनै पनि जग्गा बिक्रि वितरण, हक हस्तान्तरण, जग्गाको भाडाको म्याद थप जस्ता निर्णय नगर्न र यस अघि भाडामा लगेका हाल सम्म पनि संरचना नबनाईएको स्थलमा स्थाई वा अस्थाई संरचना बनाउने अनुमति नदिन सुर्खेत उपत्यका नगर विकास समितिलाई अनुरोध गर्ने, साथै सरकारी सार्वजनिक जग्गाहरुको संरक्षण, खुला क्षेत्र, पार्क क्षेत्रका जग्गाहरु कुन अवस्थामा छन् सोको संरक्षणका लागि प्राविधिक सहितको प्रतिवेदन पेश गर्न लगाउने साथै सोको लागि आवश्यक श्रोत खोजी पार्क, उधान जस्ता सार्वजनिक हितका लागि उपयोग गर्ने ।

(ग) यस नगरपालिकामा विगत देखी करार सेवा तर्फ कार्यरत कर्मचारीहरुको यस अघीको कार्यपालिका बैठकवाट करार म्याद थप गरिएको सन्दर्भमा चालु आर्थिक वर्ष २०७९।८० को संघीय बजेट मार्फत सबै कर्मचारीहरुको तलब १५ प्रतिशत वृद्धी भएकोले नगरपालिकामा कार्यरत सबै करार सेवाका कर्मचारीहरु समेतको पारिश्रमिकमा १५ प्रतिशत वृद्धी गर्ने ।

(घ) वीरेन्द्रनगर नगरपालिका पहिलो पक्ष र पी.आर. कन्सट्रक्सन, चागुनारायण -२, भक्तपुर दोस्रो पक्ष भएको सिटि वसपार्कको आय ठेक्कामा दोस्रो पक्षले पूर्व सुचना नदिई वसपार्कको व्यवस्थापनको जिम्मेवारी अलपत्र छाडी सम्पर्क विहिन भएकोले वसपार्क यथावत रुपमा वेवारिस छाड्दा थप सरकारी हानी नोक्सानी हुने देखिएकोले नयाँ ठेक्का व्यवस्थापन नहुँदा सम्मका लागि नगरपालिकाले नै अन्तरिम व्यवस्थापन गर्ने र वसपार्कवाट प्राप्त हुने राजस्वलाई दैनिक रुपमा आम्दानी वाधी छुट्टै हिसाव राखी अमानतवाट नगरपालिकाले वसपार्क संच्चालन तथा व्यवस्थापन भईरहेको सन्दर्भमा वसपार्कको सटर भाडाको व्यवस्थापनका लागी नगरपालिकाले तोकेको दररेट र प्रचलित बजार भाउ

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

समेतलाई मध्यनजर गरि राजस्व परामर्श समितिले सटर भाडाको दररेट कायम गरि लागु गर्ने सोको नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने।

(ङ) वीरेन्द्रनगर नगरपालिका पहिलो पक्ष र पी.आर. कन्सट्रक्सन, चागुनारायण -२, भक्तपुर दोस्रो पक्ष भएको सिटि वसपार्कको आय ठेक्कामा दोस्रो पक्ष लगायतका विपक्षीको विरुद्धमा सम्मानित जिल्ला अदालत सुर्खेतमा मितिः २०७९।०४।१३ मा नगरपालिकाको तर्फबाट फिराद दर्ता भएको, उक्त मुद्धा राजस्व असुल उपर गरि कार्यालयलाई सरकारी हानी नोक्सानीबाट बचाउने विषयको संवेदनशील प्रकृतिको जटिल मुद्धा भएकोले उक्त क्षेत्र बुझेको विज्ञ कानुन व्यवसायी मार्फत मुद्धाको फिराद दर्ता गर्न र वहस गर्न लाग्ने कानुन व्यवसायीको पारिश्रमिक सम्झौताको आधारमा उपयुक्त खर्च शिर्षक हेरि भुक्तानी दिने ।

(च) नगर क्षेत्रमा संचालित अटो तथा ई रेक्सा सम्बन्धी ट्राफिक व्यवस्थापनमा विभिन्न स्टयाण्ड सहितको संकेत चिन्ह र अन्य अत्यावस्कीय कार्यका लागी रु १,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार मात्र) रकम सहकार्य गर्ने ।

(छ) यस वीरेन्द्रनगर नगरपालिकाको नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त योजनाका रुपमा रहेको वडा नं. १३ को गरगरे शहरी स्वास्थ्य केन्द्र र १६ नं. वडा कार्यालय भवन निर्माण कार्य आ.व. २०७८/०७९ मा निर्माण सम्पन्न हुन नसकि वजेट फ्रिज भई काम अलपत्र अवस्थामा रहेकाले तोकिएको समयमा निर्माण गरी यस आर्थिक वर्षमा सम्पन्न गर्ने गरि पुर्व निर्माण सेवा कम्पनीको म्याद थप गरि सोको श्रोत व्यवस्थापन र भुक्तानी नगरपालिकाको म्याचिङ फन्ड शिर्षकवाट नियमानुसार भुक्तानी दिने ।

(ज) यस नगरपालिकाको वडा नं. ३ स्थित श्री हार्वेस्ट मुन बोर्डिङ स्कुलका छात्र वर्ष ११ का हेमराज थापालाई मिति २०७८।१२।२० गते टाईफाइट रोग विरुद्धको खोप लगाईएकोमा खोप लगाए पश्चात निजको दुबै लुलो भई हाल कान्ति बाल अस्पतालमा उपचार भईरहेको र निजको घरको आर्थिक अवस्था कमजोर भएकाले उपाचार गर्न कठिनाई परेको भनी निजको परिवारबाट आर्थिक सहयोगका लागि निवेदन प्राप्त भएको र ३ नं. वडा कार्यालयबाट समेत सिफारिई भई आएको सन्दर्भमा नगरपालिकाको तर्फबाट मिल्दो शिर्षकबाट रु ५० हजार आर्थिक सहयोग गर्ने ।

(झ) यस नगरपालिकामा कार्यरत कर्मचारी श्री हृदयराम ढकालको स्थानीय तह निर्वाचन २०७९ को जिम्मेवारीकै क्रममा दुर्घटना भई निधन भएकोले निजको घरायसी आर्थिक व्यवहार संचालनमा निकै कठिनाई भएको हुँदा निजकी धर्म पत्नी शुष्मा ढकाल लाई २०७९ असोज १ देखी लागु हुनेगरि कार्यालय सहयोगी पदमा मासिक रु २० हजार पारिश्रमिक उपलब्ध हुने गरी करास सेवामा रहने गरि कामकाजमा लगाउने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(ञ) वीरेन्द्रनगर नगरपालिका वडा न १३ स्थित करैखोला दोबिल्ला सडक र करैखोला पाँचघरे सडकको विभिन्न स्थानमा मिति २०७९।०४।१८ र १९ गतेको अविरल वर्षातका कारण पहिरो आई सडकको संरचनामा क्षति भई आवतजावतमा समस्या परेको हुँदा उक्त सडक पुनर्निमाणका लागी प्राविधिक मूल्याङ्कन बमोजिमको रकम उपलव्ध गराउन वडा कार्यालयवाट सिफारिस भई आएकोमा विपद व्यवस्थापन शिर्षकवाट रु २,००,०००/ (अक्षरुपी दुई लाख मात्र) विनियोजन गर्ने र सिघ्र मर्मत गरी सुचारु गराउने।

(ट) यस नगरपालिकाको हाल संचालित सिटी बसपार्कको क्षेत्र विस्तार गर्ने सन्दर्भमा बैठकमा छलफल हुँदा बसपार्कका आसपासमा रहेका सत्य साई केन्द्र लगायतका धार्मिक तथा सामाजिक संघ संस्थाहरुको भवन अन्त्रय व्यवस्थापन हुने गरी बसपार्कको क्षेत्र विस्तार गर्न आवश्यक देखिएकाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास तर्फ सिटी बसपार्क विस्तार र संस्था व्यवस्थापन शिर्षकमा बजेटको विनियोजन समेत भएकोले प्राविधिक मुल्यांकन गरि पेश गर्न पुर्वाधार शाखालाई निर्देशन दिने ।

(ठ) यस नगरपालिकामा वर्षात, चट्यागं, आगलागी, हावाहुरी जस्ता विपदजन्य घटनाबाट नगरबासीको घर लगायत भौतिक संरचना र सार्वजनिक संरचनाहरुमा समेत क्षती भएकोमा विभिन्न वडाहरुबाट आर्थिक सहायताका लागी सिफारिस भई आएको सन्दर्भमा चालु आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रम अन्तर्गत भैपरी आउने राहत शिर्षकवाट खर्च लेख्ने गरी देहाय बमोजिमको दरमा सहायता उपलव्ध गराउने ।

<u>देहाय</u>

(क) रु १ लाख सम्मको क्षतिमा रु ५ हजार

(ख) रु ५ लाख सम्मको क्षतिमा रु १० हजार

(ग) रु ५ लाख भन्दा बढीको क्षतिमा रु १५ हजार

(ड) नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, कर्णाली प्रदेश, सुर्खेतको पत्र मार्फत वीरेन्द्रनगर नगरपालिकामा सुर्खेत चक्रपथ निर्माणको लागि उक्त कार्यालयमा रु ३ करोड रकम विनियोजन भएकोमा विनियोजित बजेटको अधिनमा रहि निर्माण कार्य अगाडी वढाउनको लागि योजनाको क्षेत्राधिकार भित्र पर्ने उपयुक्त स्थान एकिन गरी यथासिघ्र उपलव्ध गराईदिनुहुन अनुरोध भई आएकोले वीरेन्द्रनगर नगरपालिका वडा नं. २ को फलाटे चोक

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

देखी गुसीपुरसम्मको करिव ५ किमी सडक क्षेत्र छनौट गरि सिघ्र निर्माण प्रक्रिया अगाडी वढाउन अनुरोध सहित लेखी पठाउने ।

(ढ) गौशालाको निर्माणलाई पूर्णता दिने सम्वन्धमाः वीरेन्द्रनगर नगरपालिका वडा नम्वर ११ समैजी घाटमा निर्माणाधिन गौशाला सिघ्र सम्पन्न गरि संञ्चालनमा ल्याउनको लागि अति आवश्यक पर्ने घास/पराल राख्ने स्टोर र गौशालामा कुरुवा वस्ने सुरक्षित ट्रस्ट डिजाईनको घर निर्माण प्रक्रिया प्राविधिकको मूल्याङ्कनको आधारमा विनियोजित शीर्षकवाट व्यवस्थापन हुने गरि अगाडी वढाउने ।

(ण) सिटि हल वीरेन्द्रनगर ६ सुर्खेतमा कार्यरत सरसफाईकर्मी हरुको करार सम्झौता २०७९ अषाढ मसान्तमा सकिएको हुदा आवस्यकता हेरि निजलाई २०७९ श्रावण मसान्तदेखि लागुहुने गरि २०७९ पौष मसान्त सम्मको लागि करार सम्झौता मिति थप गरि काममा लगाउने ।

(त) स्वास्थ्य शाखावाट पेश भएको नीजि क्षेत्रवाट संञ्चालित तपसिल अनुसारका अस्पतालको नवीकरण तथा सन्चालनको अनुमति दिने ।

| सि.न. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको वर्गिकरण | अनुमति |
|---|---|---|---|
| १ | शुभलक्ष्मी हस्पिटल प्रा.ली. | १५ शैया अस्पताल | नविकरण अनुमति |
| २ | जि.पी.मेमोरियल नर्सिङ्ग होम प्रा.ली. | १५ शैया अस्पताल | नविकरण अनुमति |
| ३ | प्रशंसा हस्पिटल | १५ शैया अस्पताल | सन्चालन अनुमति |
| ४ | प्रशंसा प्याथोलोजी | D वर्गको ल्याव सेवा | सन्चालन अनुमति |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CS CamScanner